# सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
# १८ औं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माइन्यूट)

**१. वैधानिक सभा :**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको १८ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री प्रवल जंग पाण्डे ज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल भई देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ र बैंकको नियमावली बमोजिम बैंकको १८ औं वार्षिक साधारण सभाको सूचना मिति २०८१/०६/२० गते बसेको सञ्चालक समितिको ४६५ औं बैठकले निर्णय गरे अनुसार प्रथम पटक मिति २०८१/०६/२१ गते सोमबारको कारोबार राष्ट्रिय दैनिक पत्रिका तथा दोस्रो पटक मिति २०८१/०६/२३ गते बुधबारको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा संक्षिप्त आर्थिक विवरण सहितको विवरण समेत उल्लेख गरी शेयरधनी महानुभावहरुलाई जानकारीको लागि प्रकाशित गरिएको थियो । यसै गरी बैंकको आधिकारीक website www.ctznbank.com मा मिति २०८१/०६/२१ गते सूचना प्रकाशित गरी सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सूचना तथा सञ्चालक समितिको प्रतिवेदन समेत शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

**१. सभा भएको मिति, स्थान र समय**

सभा भएको मिति :- २०८१ साल कार्तिक महिना १२ गते (तदअनुसार २८ अक्टोबर, २०२४) सोमबार
स्थान :- अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं ।
सभा सुरु हुने समय :- बिहान ९:०० बजे ।

**३. छलफलका विषयहरु :**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सानको हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।
३. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार कर प्रयोजनार्थ ०.२१ प्रतिशतका दरले हुन आउने रु. २,९८,९६,७८७.३८/- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. बैंकको मिति २०८१/०१/२६ गतेको सञ्चालक समितिको ४५० औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालकमा श्री इला शर्मालाई र मिति २०८१/०३/२४ गतेको सञ्चालक समितिको ४५६ औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको संस्थापक शेयरधनीको तर्फबाट सञ्चालकमा श्री अनिल कुमार ज्ञवालीलाई नियुक्त गरिएको निर्णयलाई अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्तावहरु**

१. सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ४ प्रतिशतका दरले हुन आउने रु. ५६,८०,३८,९६०.२३/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्न) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता

नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. (क) बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।

(क-१) बैंकको जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने सम्बन्धमा ।

(क-२) बैंकको शेयरको किसिम सम्बन्धमा ।

(क-३) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धमा ।

(ख) बैंकको नियमावलीमा संशोधन गर्ने ।

(ख-१) गणपूरक संख्या सम्बन्धमा ।

(ख-२) संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या सम्बन्धमा ।

(ख-३) मतदान गर्ने अधिकार सम्बन्धमा ।

(ख-४) शेयरधनीको हक तथा विशेष सुविधाको सम्बन्धमा ।

(ख-५) अग्राधिकार शेयर सम्बन्धी व्यवस्था ।

(ख-६) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सञ्चालकको बैठक भत्ता तथा सुविधा वृद्धि गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग. विविध

४. उपस्थिति

४.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु :

| क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री प्रवल जंग पाण्डे | अध्यक्ष | उपस्थित |
| २. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक | उपस्थित |
| ३. | श्री विजय ध्वज कार्की | सञ्चालक | अनुपस्थित |
| ४. | श्री दिग्विजय विष्ट | सञ्चालक | उपस्थित |
| ५. | डा. विनोद आत्रेय | सञ्चालक | अनुपस्थित |
| ६. | श्री ईला शर्मा | सञ्चालक | उपस्थित |
| ७. | श्री अनिल ज्ञवाली | सञ्चालक | उपस्थित |

४.२ उपस्थित अन्य पदाधिकारी :

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १. | श्री गणेश राज पोखरेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री राजेन्द्र लाल श्रेष्ठ | नायव-प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव |
| ३. | श्री संजीव कुमार श्रेष्ठ | प्रमुख सूचना प्रविधि अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत |
| ४. | श्री सुमन मुलेपती | प्रमुख कर्जा अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत |
| ५. | श्री नारायण राज अधिकारी | प्रमुख प्रशासकीय अधिकृत/प्रवक्ता/सूचना अधिकारी/सहायक प्रमुख कार्यकारी अधिकृत |
| ६. | श्री अमित खनाल | प्रमुख जोखिम अधिकृत/सहायक प्रमुख कार्यकारी अधिकृत |
| ७. | श्री रवि कुमार रौनियार | प्रमुख सञ्चालन अधिकृत/गुनासो सुन्ने अधिकारी/सहायक प्रमुख कार्यकारी अधिकृत |
| ८. | श्री प्रमेश राज कायस्थ | प्रमुख वित्त अधिकृत |
| ९. | श्री रोशन मानन्धर | प्रमुख मास बैंकिङ्ग अधिकृत |
| १० | श्री रोशन मल्ल | प्रमुख पूर्वाधार/सहवित्तीयकरण तथा कर्पोरेट बैंकिङ्ग |

४.३ शेयरधनीहरुको उपस्थिति :

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : | ८९६ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या : | ३९६ |
| | जम्मा | १२९२ |

५. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | १,८१,४१७ | १२९२ | ५२.३२ प्रतिशत |
| संस्थापक समूह "क" | १,५०५ | २४१ | ३८.५७ प्रतिशत |
| सर्वसाधारण समूह "ख" | १,७९,९१२ | १०५१ | १३.७५ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कुल शेयर कित्ता | १४,२०,०९,७४०.०६ | | १००.०० प्रतिशत |

६. सभाको वैधानिकता र सभाको सभापतित्व

६.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम साधारणसभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको १८ औं वार्षिक साधारणसभामा राखिएको शेयरधनी हाजिरी पुस्तिकामा स्वयम् उपस्थित भई हाजिरी जनाउने शेयरधनीको संख्या ८९६ जना, प्रोक्सी मार्फत ३९६ जना गरि कुल शेयरधनी १२९२ जना कुल शेयर कित्ता मध्ये शेयर कित्ता ७,४३,०३,९७०.६९ उपस्थित भई ५२.३२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा ४ बमोजिम बैंकको वार्षिक साधारण सभा रजिष्टर्ड कार्यालय रहेको जिल्ला अर्थात् काठमाण्डौंमा नै गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कम्पनी कानून अनुसार सञ्चालन भएको सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

६.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डे ज्यूको सभापतित्वमा गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै सञ्चालक समितिका अध्यक्ष प्रबल जंग पाण्डेज्यूको सभापतित्वमा बैंकको १८ औं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नु भयो ।

६.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व सभामा स्वयम् उपस्थित हुनु भएका सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्नु भयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

७. साधारण सभाको प्रस्तुती :

७.१. सभाका सभापतिज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवम् अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूचीका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदनलाई सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

७.२ तत्पश्चात् सभापति ज्यूले बैंकको १८ औं वार्षिक साधारण सभामा प्रतिवेदन छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नु भयो ।

**८. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु :**

८.१ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको अठारौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभापति ज्यूले शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नु भए पश्चात् निम्न शेयरधनीहरुले देहाय अनुसार आ-आफ्नो जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**८.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री जगन्नाथ आचार्य
२. श्री उत्तमदत्त पाण्डे
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री शत्रुधन श्रेष्ठ
५. श्री चन्द्र नारायण श्रेष्ठ
६. श्री लवराज जोशी
७. श्री ब्रह्मदेव शाक्य
८. श्री सुदिप श्रेष्ठ
९. श्री महेन्द्र बहादुर श्रेष्ठ
१०. श्री व्यास कुमार शर्मा
११. श्री गुणराज भट्ट
१२. श्रीमति निरुपमा गुप्ता
१३. श्री ध्रुवराज न्यौपाने
१४. श्री भक्ति प्रसाद उप्रेती
१५. श्री रोज कुमार श्रेष्ठ
१६. श्री बैजुनाथ रौनियार
१७. श्री नरसिंह लाल चंखु
१८. श्री शम्भु थपलिया

**८.३. छलफलमा लिखित मन्तव्य पेश गर्नु हुने शेयरधनी महानुभावहरुको नाम**

१. श्री सुनिता भट्टराई
२. श्री दामोदर रेग्मी
३. श्री कृष्ण प्रसाद अधिकारी (कश्यप)
४. श्री इन्द्र कृष्ण श्रेष्ठ

**९. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण :**

९.१ छलफलको क्रममा शेयरधनी महानुभावहरुले स्वयम् आफै उपस्थित भई व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

**१. श्री जगन्नाथ आचार्य**

श्री आचार्यज्यूले सम्पूर्ण उपास्थित अध्यक्ष, सञ्चालक समिति सदस्यहरु तथा शेयरधनी महानुभावहरुमा अभिवादन व्यक्त गर्दै यस बैंकले हरेक वर्ष आफ्नो साधारणसभा दशैं अघि नै सम्पन्न गर्ने गरेकोमा यसपटक दशैं पछि सम्पन्न गरेको कुरा व्यक्त गर्दै अगामी वर्ष साधारणसभा दशैं अघि नै सम्पन्न हुने गरी कार्य गर्न अनुरोध गर्नुभयो ।
बैंकमा लगानी योग्य रकम थुप्रिएको तथा नेपाल राष्ट्र बैंकले समय समय समयमा परिवर्तन गरिरहने नीतिको कारण विभिन्न वित्तीय सूचकहरुमा अपेक्षाकृत सुधार नभएको उल्लेख गर्दै loan loss Provision मा कमी ल्याउन, ऋण असुलीमा विशेष जोड दिन प्रतिशेयर आम्दानी वृद्धि गर्न, खुद मुनाफा वृद्धि गर्न आग्रह गर्नुभयो । लगानीकर्ताले आफ्नो लगानीको प्रतिफलको आशा गर्ने हुदाँ आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा गर्दै आउँदै गरेको शुभ दिपावली, नेपाल संवत्, छठको शुभकामना व्यक्त गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

२. श्री उत्तमदत्त पाण्डे

श्री पाण्डेज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै बैंकका अध्यक्षज्यूको ममतामयी माताको निधन प्रति दुःख व्यक्त गर्दै सम्पूर्ण शेयरधनीको तर्फबाट हार्दिक श्रद्धाञ्जली र समवेदना प्रकट गर्नुभयो । विश्व अर्थतन्त्रमा क्रमिक सुधार हुँदै आएतापनि उदयमान राष्टहरु पूर्ववत अवस्थामा फर्कन नसकेको र नेपालमा पनि उक्त असर परेको कुरा व्यक्त गर्दै यस्तो अवस्थामा पनि बैंकले ४ प्रतिशत बोनस शेयर र ०.२१ प्रतिशत कर प्रयोजनको लागि नगद लाभांश वितरण गरेकोमा सन्चालक समिति, व्यवस्थापन समूह तथा कर्मचारीहरूमा धन्यवाद व्यक्त गरी आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा गर्नुभयो ।

उहाँले आफ्नो मन्तव्य राख्ने क्रममा बैंकले अग्राधिकार शेयर सम्वन्धी गरेको प्रस्ताव सकारात्मक रहेको उल्लेख गर्नुभयो । निस्कृय कर्जाको प्रत्यक्ष असर आम्दानीमा पर्ने भन्दै निस्कृय कर्जा कम गर्दै लानुपर्ने, कर्जा अपलेखन घटाउँदै लानुपर्ने, गैर बैंकिङ सम्पत्तिलाई अविलम्ब लिलाम विक्री गरी असूल गरी नाफामा योगदान पुन्याउन उहाँले सुझाव दिनुभयो । बैंकले गैर बैंकिङ सम्पत्तिको विवरण वार्षिक प्रतिवेदनमा राख्दा राम्रो हुने सुझाव प्रस्तुत गर्दै उहाँले आउँदै गरेको शुभ दिपावली, नेपाल संवत्, छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

३. उद्धव प्रसाद घिमिरे

श्री घिमिरेज्यूले आफ्नो अभिवादन व्यक्त गर्दै बैंकको वित्तीय विवरण तथा प्रमुख सूचकांकहरु राम्रो रहेको र अहिलेको यस्तो अवस्थामा पनि बैंकले दिएको लाभांश स्वागत योग्य रहेको भन्दै आगामी दिनमा दोहोरो अंकको लाभांशको अपेक्षा गर्नुभयो । श्री घिमिरेज्यूले आफ्नो मन्तव्यको क्रममा साधारणसभा समयमा नै सम्पन्न गरेकोमा खुसी व्यक्त गर्दै बैंकले अग्राधिकार शेयर सम्वन्धी व्यवस्था गरेको कुरा स्वागत योग्य रहेको बताउनुभयो ।

उहाँले अन्तराष्ट्रिय स्तरमा बैंकको सम्पर्क कार्यालय खोल्न चासो व्यक्त गर्दै बैंकले गरेको संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रम राम्रो रहेको जनाउँदै सूचना प्रविधिलाई अझ स्तरीय तथा विश्वसनीय बनाउन, तथा Product तथा Service अन्य बैंकको तुलनामा नयाँ तथा विश्वसनीय हुनुपर्नेमा जोड दिनुभयो ।

बैंकको १८ औं साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव स्वागत योग्य रहेको भन्दै यस बैंकको भविष्य राम्रो रहेको उल्लेख गर्नुभयो । उहाँले आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा गर्दै साधारणसभामा प्रस्तुत प्रस्तावहरुलाई पूर्ण रुपमा समर्थन स्वीकृति जनाउँदै सर्वसम्मतिले पारित गर्न आग्रह गर्दै आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो।

४. श्री शत्रुघ्न श्रेष्ठ

श्री श्रेष्ठज्यूले उपस्थित सम्पूर्ण महानुभावलाई आफ्नो अभिवादन व्यक्त गर्दै कर्मचारीहरुको अथक मेहनतले बैंकले ४ प्रतिशत बोनस शेयर वितरण गरेकोमा राम्रो रहेको धारणा व्यक्त गर्नुभयो । त्यस्तै बैंकले One Zone One Product तथा One District One Product लाई अवलम्बन गरी कृषिमा धेरै लगानी गरेर कृषिलाई प्रोत्साहन गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

साथै सक्कली सुनलाई कसी लगाउनु पर्दैन भने जस्तै स्थापनाकाल देखि नै बैंक सवल एवं सक्षम रहदैं आएकोमा प्रशंसा गर्दै आउँदै गरेको शुभ दिपावली, भिन्तुना, छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

५. श्री चन्द्र नारायण श्रेष्ठ

श्री श्रेष्ठज्यूले विगत १० वर्षमा बैंकले १३० प्रतिशत प्रतिफल दिएको र औषतमा वार्षिक प्रतिफल १३ प्रतिशत हुन आउने उल्लेख गर्दै अहिलेको यस संकटको अवस्थामा पनि ४ प्रतिशत बोनस शेयर लाभांश वितरण गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा विगत २ वर्ष देखि समग्र बैंकिङको लाभांश घट्दै आएको तर्फ संकेत गर्दै आगामी दिनमा प्रतिफल वृद्धि गर्दै लैजान सुझाव दिनुभयो । राज्यले लिने विभिन्न नीतिहरुको कारणले गर्दा बैंकिङ क्षेत्रमा समस्या देखिएको भन्दै राष्ट्र बैंकले नेपाल बैंकर्स संघ मार्फत नेपाल राष्ट्र बैंक समक्ष पहल गर्नुपर्ने कुरा व्यक्त गर्नुभयो । अन्त्यमा आउँदै गरेको गरेको शुभ दिपावली, भिन्तुना र छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

६. श्री लवराज जोशी

श्री जोशीज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै कम्पनी ऐनको प्रावधान अनुरूप ६ महिनाभित्र साधारणसभा सम्पन्न गर्नुपर्ने नियम रहेकोमा यस बैंकले १०२ दिनभित्र नै साधारणसभा सम्पन्न गरी ४ प्रतिशत बोनश शेयर लाभांश वितरण गरेकोमा खुसी व्यक्त गर्दै शेयरधनीहरुको चाहना बढी लाभांशको हुने तर देशको विद्यमान अवस्थामा समेत बैंकले वितरण गरेको ४ प्रतिशतको लाभांश राम्रो रहेको धारणा व्यक्त गर्नुभयो ।

हालको अवस्थामा बैंकको निस्कृय कर्जा ४.१० प्रतिशत रहेको बताउँदै उक्त निस्कृय कर्जा कम नभए बैंकको नाफा समेत बढी नहुने र राम्रो लाभांश वितरण गर्न नसकिने अवस्था आउने तर्फ ध्यानाकर्षण गराउँदै उहाँले निस्कृय कर्जा कम गर्नको लागि कर्जा असूलीमा ध्यान दिन आग्रह गर्नुभयो । कर्मचारीहरूले आफ्नो काम राम्रो काम गरिरहेको उल्लेख गर्दै उहाँले क्षमता अभिवृद्धिको लागि गरिएको खर्च स्वागतयोग्य रहेको धारणा व्यक्त गर्नुभयो । उहाँले आफ्नो मन्तव्यको क्रममा बैंकको वार्षिक प्रतिवेदन नेपालीमा प्रकाशित भएकोमा खुशी व्यक्त गर्दै बैंकको उन्नति प्रगतिको कामना सहित आउँदै गरेको शुभ दिपावली नेपाल सम्वत् तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

७. श्री ब्रह्मदेव शाक्य

श्री शाक्यज्यूले सभामा उपस्थित महानुभावहरूमा अभिवादन व्यक्त गर्दै साधारणसभामा छलफलका लागि प्रस्तुत भएका साधारण र विशेष प्रस्तावहरु शेयरधनीको लागि आकर्षणको विषय रहेको बताउनु भयो । उहाँले विगतका केहि वर्षहरु देखि राष्ट्रिय तथा अन्तराष्ट्रिय कारणले गर्दा समग्र देशको अर्थतन्त्र आर्थिक हिसाबले अनुकुल नभएको बखतमा समेत ४.२१ प्रतिशत लाभाशं बिवरण गर्न बैंक सक्षम भएकोमा सबैलाई धन्यवाद व्यक्त गनुभयो ।

बैंकको आ.व २०८०।८१ मा भए गरेका कामका बारे सन्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूले प्रस्तुत गर्नु भएको प्रतिवेदन मिश्रित प्रकृतिको रहेको बताउँदै उहाँले बैकले आफ्नो क्षमता र विवेकपूर्ण कार्य गर्दा पनि सोचे अनुरुपको परिणाम नआएको प्रतिवेदनबाट देखिएको उल्लेख गर्नुभयो । केहि आर्थिक अराजकता फैलाउने तत्वहरुले गर्दा कर्जा असुलीमा समस्या आई समग्र बैक तथा वित्तीय संस्थाहरुमा निस्कृय कर्जा बढ्न गएकाले यस्ता समस्याको समाधानका लागि सरकार नै जिम्मेवार भई आवश्यक कदम चालोस् भनी सरकारको ध्यानाकर्षण गराउनुभयो ।

बैकले आफ्नो कामलाई Digitalization गर्न क्रममा मोबाईल एपमा नेपाली भाषाको सुविधा थप गरेको कार्य सराहनीय रहेको उल्लेख गर्दै IT and Cyber crime विरुद्ध प्रभावकारी सुरक्षा प्रणली अपनाउन सुझाव दिनुभयो । बैकले आफ्नो कार्य विविध कारण गर्न खोलेका सिटिजन्स क्यापिटल लि. र सि.बि.आई.एल. सेक्युरिटिज लि. ले पनि मुनाफा आर्जन गरेको देखिएकोमा सन्तोष लागेको धारणा व्यक्त गर्नुभयो ।

मर्जर सम्बन्धी एजेण्डाको विषयमा आफ्नो धारणा राख्दै उहाँले यदि नेपाल बैक लि. संग राष्ट्रिय वाणिज्य बैक लि. मर्जर गरिएमा वा गराईएमा मात्र विचार गर्ने हो कि ? भन्ने सुझाव दिनुभयो । साथै उहाँले बैकको उन्नति र प्रगतिका लागि काम गर्नु हुने सन्चालक समिति व्यवस्थापन समूह एवं कर्मचारीहरु लाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

८. श्री सुदिप श्रेष्ठ

श्री श्रेष्ठज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै बैंकले घोषणा गरेको लाभांश प्रति खुसी व्यक्त गर्नुभयो । बैंकिङ क्षेत्रमा नै बढ्दै गएको निष्क्रिय कर्जा तर्फ संकेत गर्दै हामीले पनि कर्जा असुलीमा विशेष ध्यान पुऱ्याउन आग्रह गर्नुभयो । उहाँले यस बैंकले नेपाल मै पहिलो पटक Virtual Credit Card Issue गरेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै नयाँ Product ल्याउन सुझाव दिनुभयो ।

९.श्री महेन्द्र बहादुर श्रेष्ठ

श्री श्रेष्ठज्यूले वाणिज्य बैंकहरूको लाभांश दरमा कमी हुँदै गएको र नेपाल राष्ट्र बैंकको नीतिको कारणले लाभांश वितरणमा कठिनाई भएको हो कि ? भन्ने विचार व्यक्त गर्दै आगामी दिनमा राष्ट्र बैंकले केहि नरम नीति लिओस् भन्ने लागेको धारणा व्यक्त गर्नुभयो ।

देशको आर्थिक प्रतिकुलताको अवस्थाले व्यापार व्यवसाय नफष्टाएको भन्दै कर्जा माग वृद्धि गर्नको लागि बैंकले योजना बनाउनुपर्नेमा जोड दिंदै उहाँले कर्जा असुलीमा समेत विशेष ध्यान दिएर लाग्नुपर्ने बताउनुभयो ।

उहाँले सहकारी र बैंक एउटै हो भन्ने धारणा बनाउन खोजिएको उल्लेख गर्दै हाल बैंकहरुलाई समस्या परेको कुरा व्यक्त गर्नुभयो । उहाँले लगानी गर्दा कृषि, पर्यटन तथा Hydro Sector मा लगानी वृद्धि गर्ने सुझाव दिंदै कृषिमा दिने कर्जामा बास्तविक कृषकलाई कर्जा प्रवाह हुने गरी व्यवस्था गर्न आग्रह गर्नुभयो ।

बैंकले छिटो बार्षिक साधारणसभा गरेकोमा उहाँले धन्यवाद व्यक्त गर्दै आगामी वर्ष दशैं अघि नै साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो ।

**१०. श्री व्यास कुमार शर्मा**

श्री शर्माज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै बैंकले शेयरधनीहरुलाई कहिल्यै हात खाली नगर्ने गरेको स्मरण गर्दै आर्थिक वर्षको शुरुमा नै साधारणसभा सम्पन्न गर्ने बैंकको रुपमा चिनिएकोमा विविध कारणले यस वर्ष साधारणसभा गर्न दोस्रो भएता पनि आगामी दिनमा पहिलो हुने गरि सुरुमा नै साधारणसभा सम्पन्न गरोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

बैंकले वितरण गरेको ४ प्रतिशत लाभांशको लागि सञ्चालक समितिलाई धन्यवाद व्यक्त गर्दै उक्त लाभांश वास्तविक रुपमा १६ प्रतिशत हुन आउने धारणा व्यक्त गर्नुभयो । खराब कर्जा असुलीमा कमीको कारणले विगत वर्ष भन्दा नाफा घटेतापनि व्यवस्थापन, कर्मचारीको निरन्तर मेहनतको कारणले बैंकले सबैतिर प्रगति गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा पनि मेहनतको प्रतिफल आउने आशा व्यक्त गर्नुभयो ।

बैंक संस्थागत सुशासन तथा Internal Control मा पनि राम्रो रहेको धारणा व्यक्त गर्नुभयो । बैंकको बारेमा नकारात्मक टिप्पणी आउँदा समेत नियामक निकाय तथा बैंकर्स एसोसिएसन मौन बसेकोमा दुःख व्यक्त गर्दै नियामक निकायले लिएको नीतिले उद्योग व्यवसाय, वित्तीय संस्था र स्टक स्कचेन्ज कसैलाई पनि फाइदा नभएको भन्दै आगामी वर्ष आउने नीति नियमले केहि राम्रो नतिजा आउँछ कि भन्नेमा आशा गर्दै आफ्नो मन्तव्य टुङ्गयाउनु भयो ।

**११. श्री गुणराज भट्ट**

श्री भट्टज्यू ले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै हरेक वर्ष दशैं अघि नै साधारणसभा सम्पन्न गर्ने गरेकोमा यस वर्ष दसै पछि भएतापनि आगामि वर्ष दशैं अघि नै साधारणसभा सम्पन्न गर्न सुझाव दिनुभयो । ठूला भनिएका बैंकहरुले समेत लाभांश वितरण गर्न नसकेको अवस्थामा यस बैंकले ४ प्रतिशत बोनस शेयर अहिलेको बजार मुल्यको हिसावले १० प्रतिशत रहेको भन्दै खुसी व्यक्त गर्नुभयो । यस बैंकको सस्थापक सुशासन कायम राख्न प्रमुख कार्यकारी अधिकृत ज्यूले राम्रो काम गरिरहेको भन्दै आउँदा दिनमा अझ राम्रो गर्दै पूराना कर्मचारीहरुलाई प्रोत्साहन, तालिम तथा बृत्ति विकास हुने गरी वातावरण बनाउन उहाँले सुझाव दिनुभयो । निष्क्रिय कर्जा बढी भए को तर्फ संकेत गर्दै कर्जा प्रवाह गर्दा Quantity मा नभई Quality loan प्रवाहमा ध्यान दिन आग्रह गर्नुभयो । अहिले कर्जा लिएर तिर्नु नपर्ने भन्ने प्रवृत्ति देखा परेको भन्दै समयमा नै सतर्क रही गुणस्तरीय कर्जा Quality loan प्रवाह गर्नमा जोड दिन अनुरोध गर्नुभयो । अन्त्यमा, उहाँले शुभ दिपावली नेपाल सम्वत्, तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

**१२. श्रीमति निरुपमा गुप्ता**

श्रीमति गुप्ता ज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै व्यवस्थित बैंकबाट अपेक्षा पनि ठूलै रहने भन्दै ठूलै जिम्मेवारी महशुस गरी बैंकका वित्तीय अवस्था सुधार गर्न बैंकको ध्यानाकर्षण गर्नुभयो । बैंकको प्रतिशेयर आम्दानी घटीरहेको, निस्कृय कर्जा बढिरहेको कारणले बैंकले वितरणयोग्य मुनाफा तथा लाभांश समेत घटिरहेको उल्लेख गर्दै सो तर्फ ध्यान दिन उहाँले सुझाव दिनुभयो । अहिलेको अवस्थामा ४ प्रतिशत बोनस शेयर लाभांश र कर प्रयोजनार्थ ०.२१ प्रतिशत नगद लाभांश वितरण गरेकोमा खुसी व्यक्त गर्दै आगामी वर्ष दोहोरो अंकको लाभांशको अपेक्षा राख्नुभयो ।

बैंकले गर्ने संस्थागत सामाजिक उत्तरदायित्वको खर्च अन्तरगत विशेष गरी निर्धन तथा असक्तहरुको शिक्षामा सहयोग पुग्ने गरी प्रदान गर्न अनुरोध गर्नुभयो । समय सापेक्ष रुपमा बैंकको खर्च वृद्धि भैरहेको हुने भएतापनि मितव्ययी भएर खर्च गर्न अनुरोध गर्दै उहाँले बैंकले राखेको आगामी वर्षको रणनीति के कस्तो रहेको छ ? भन्ने बारेमा जिज्ञासा राख्नुभयो । अन्त्यमा, उहाँले आउँदै गरेको शुभ दिपावली नेपाल सम्वत्, तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

**१३. श्री ध्रुवराज न्यौपाने**

श्री न्यौपाने ज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै बैंकले १८ वर्ष पूरा गरी लक्का जवान भएकोमा बधाई ज्ञापन गर्नुभयो । बैंकका सूचकहरु जस्तै CAR, TIER–1, TIER-2, Risk Management राम्रो रहेको उल्लेख गर्दै समग्र अन्य सूचक हरुमा समेत सुधार गरी समग्र बैंकिङ क्षेत्रमा अब्वल स्थानमा रहन सुझाव दिनुभयो । बैंकको व्यवस्थापन समुह तथा कर्मचारीहरु राम्रो रहेको उल्लेख गर्दै आगामी दिनमा व्यापार व्यवसायमा वृद्धि गरी प्रति कर्मचारी खुद मुनाफामा वृद्धि गर्न सुझाव दिनुभयो ।

**१४.श्री भक्ति प्रसाद उप्रेती**

श्री उप्रेती ज्यूले आउँदै गरेको तिहारको उपलक्ष्यमा बैंकमा लक्ष्मीको वास होस् भन्दै उपस्थित सबैको आरोग्यताको कामना गर्नुभयो । उहाँले बैंकले घोषणा गरेको लाभांश दर केहि कम भएको भन्दै कम्तिमा पनि बैंकले दिने मुद्दति निक्षेपको ब्याजभन्दा १ प्रतिशत बढी लाभांश हुनुपर्ने सुझाव दिनुभयो । बैंकको Net Interest Income (NII) घटेको, गैर बैंकिङ सम्पत्ति बढेको, Impairment Charge बढेको, खुद व्यापारिक आम्दानी घटेतापनि off Balance Sheet Income बढेको, कर्जा अपलेखन अघिल्ला वर्षको तुलनामा घटेको विवरण पेश गर्दै वित्तीय सूचकहरुमा सुधार गर्न सुझाव दिनुभयो ।

बैंकले लगानी गरेको आफ्नो दुवै सहायक कम्पनीहरु नाफामा भएकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले आगामी वर्ष बैंकले दिने लाभांश को अवस्था के हुने ?, अग्राधिकार शेयरको कारणले लाभांशमा कस्तो असर पार्ने जस्ता जिज्ञासा राख्नुभयो । उहाँले बैंकलाई सुझाव दिने क्रममा NII मा वृद्धि गर्नुपर्ने, Loan Loss Provision लाई Write Back गर्नुपर्ने, गैर बैंकिङ सम्पत्तिलाई Dispose गर्नुपर्ने, मर्जर गर्दा विशेष ध्यान दिनुपर्ने, Top 7 मा पुग्ने रणनीति बनाउनुपर्ने, अवितरित लाभांश शेयरधनीलाई वितरण गर्ने, गैर बैंकिङ सम्पत्तिलाई रणनीति बनाएर ३ प्रतिशतमा झार्ने तथा लेखा परीक्षकको प्रतिवेदन पनि नेपाली भाषामा वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्नेमा जोड दिनुभयो । बैंकले साधारणसभामा पेश गरेका प्रस्तावहरुको समर्थन गर्दै उहाँले आफ्नो मन्तव्य टुङ्ग्याउनु भयो ।

**१५. श्री रोज कुमार श्रेष्ठ**

श्री श्रेष्ठ ज्यूले बैंकले घोषणा गरेको ४ प्रतिशत बोनस शेयर लाभांश स्वीकार गरको व्यहोरा उल्लेख गर्दै आगामी दिन लाभाशं घोषणा गर्दा बोनस शेयर तथा नगद लाभाशं समान रूपमा मिलाएर वितरण गर्न अनुरोध गर्नुभयो ।
सहायक कम्पनीहरुले प्रदान गर्ने लाभांश दर कम भएको भन्दै लाभांश दर वृद्धि गर्न लाग्नुपर्ने तर्फ जोड दिनुभयो।
यसका साथै नेपाल राष्ट्र बैंकद्वारा मौद्रिक नीतिमा घोषणा गरेको Asset Management Company हरुको कार्यान्वयनको स्थिति के कस्तो रहेको छ भन्ने जिज्ञासा राख्नुभयो । मन्तव्यको अन्तिममा उहाँले आगामी वर्षमा बैंकले बोनस शेयरको साथै नगद लाभांश पनि वितरण गर्ने अपेक्षा राख्नु भयो ।

**१६. श्री बैजुनाथ रौनियार**

श्री रौनियारज्यूले उपस्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै देशको यस्तो आर्थिक विषम अवस्थामा पनि बैंकले ४ प्रतिशत बोनस शेयर तथा त्यसमा लाग्ने कर प्रयोजनार्थ ०.२१% नगद लाभांश वितरण गरेकोमा खुशी व्यक्त गर्दै आउने दिनमा बैंकले अझ प्रगति गरेर दोहोरो अंकको लाभाशं वितरण गर्ने आशा रहेको बताउनुभयो ।
अध्यक्षज्यूले आफ्नो मन्तव्य मार्फत राख्नु भएको गत आर्थिक वर्षको समीक्षा तथा भावी कार्य योजनालाई ईंकित गर्दै बैंकले उतार चढावको आर्थिक अवस्थामा पनि प्रगति गरिरहेको र प्रगाति गर्ने नै छ भन्ने अपेक्षा गर्नुभयो ।

बैंकले देशका मुख्य स्थान धनगढी र थापाथलीमा जस्ता ठाउँहरुमा आफ्नै भवन खरिद गरी राम्रो कार्य गरेकोमा खुशी व्यक्त गर्दै उहाँले परिस्थिति अनुकुल बैंकको सञ्चालन खर्च बढि हुनु मुनासिब भएतापनि बैंकले सकेसम्म त्यस्ता खर्चहरु कटौती गर्नु राम्रो हुने सुझाव दिनुभयो । कर्जा अपलेखनको सूचीमा उल्लेख भए अनुसार ७१ जनाको नामावली रहेकोमा, बाँकी रहेको ब्याज के हामी असुल उपर गर्न सक्दैनौ ? भनी प्रश्न गर्दै त्यसतर्फ आवश्यक कदम चाल्न उहाँले अनुरोध गर्नुभयो ।

उहाँले आ.वा. ०७९/०८० मा निष्कृय कर्जा ३.१२ % रहकोमा आ.व. २०८०/०८१ मा ४.१० % पुगेकोले यसलाई कम गर्न सुझाव दिनुभयो । उहाँले राष्ट्र बैंकबाट लाभाशं घोषणा/विवरण तथा वित्तीय विवरण प्रकाशन सम्बन्धमा स्वीकति दिदाँ ३ वटा बुदाँमा सुधार गर्न निर्देशन दिईएकोमा अर्को आ.व. मा सुधार हुनेगरी त्यस्ता कुनै पनि कैफियत नआउने गरी कार्य गर्न सुझाव दिनु भयो । साथै बैंकले पेश गरेको सम्पूर्ण प्रस्तावमा पूर्ण सहमति रहेको जानकारी गराउँदै उहाँले आउँदै गरेको शुभ दिपावली, नेपाल सम्वत्, तथा छठ पर्वको शुभकामना सहित आफ्नो मन्तव्य समापन गर्नुभयो ।

**१७. श्री नरसिंह लाल चंखु**

श्री चंखु ज्यूले उपास्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै बैंकको प्रतिवेदन हेर्दा प्रगति पथमा नै रहेको देखिएको र लाभांश घोषणा विगत भन्दा केहि कम भएतापनि यस परिस्थितिमा ४.२१ प्रतिशत लाभांश वितरण गर्नुभएकोमा सम्पूर्ण बैंकका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

बैंकको व्यवसाय प्रवद्धन तथा Investment Portfolio राम्रो रहेको उल्लेख गर्दै बैंकको अन्य सूचकांक सुधार गर्ने तर्फ सक्रियता पुर्वक लागेको भन्ने विश्वास रहेको कुरा व्यक्त गर्नुभयो । उहाँले गैरबैंकिङ सम्पत्ति बढेको तर्फ ध्यानाकर्षण गराउँदै कर्जा असूली तर्फ ध्यान दिन जोड दिनुभयो । अन्त्यमा उहाँले आउँदै गरेको भिन्तुना, शुभ दिपावली, छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

**१८. श्री शम्भु थपलिया**

श्री थपलिया ज्यूले उपास्थित सम्पूर्णमा आफ्नो अभिवादन व्यक्त गर्दै विश्व अर्थतन्त्रमा देखिएको मन्दीका कारणले बैंकिङ क्षेत्रमा पनि प्रभाव परेको हुँदा त्यसतर्फ विशेष ध्यान दिन आग्रह गर्नुभयो । त्यसैगरी बैंकिङ क्षेत्रमा ठूला ऋणीकै बाट धेरै जोखिम निम्ति सक्ने भएकोले सम्पत्तिको मूल्याङ्कन तथा शुल्कहरु पारदर्शिता एवं उचित मूल्याङ्कन गर्नुपर्नेमा सचेत गराउनुभयो ।

बैंकले कर्जा प्रवाह गर्दा अचल सम्पत्तिमा मात्र ध्यान केन्द्रित नगरि उसको ऋण तिर्न सक्ने क्षमतालाई विचार गर्दै उत्पादनशील क्षेत्रमा लगानी बढाउन सुझाव दिनुभयो । बैंकले आगामी दिनमा सुझावहरुको कार्यान्वयनका लागि ठोस कदम चाल्नको लागि प्रयास गर्नु हुनेछ भन्ने आशा व्यक्त गर्नुभयो ।

**९.२ छलफलमा लिखित मन्तव्य दिनहुने शेयरधनी महानूभावहरुले व्यक्त गर्नु भएका मन्तव्यलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ-**

**१. श्रीमति सुनिता भट्टराई**

उहाँले साधारणसभामा निम्न रुपमा लिखित मन्तव्य दिनुभएको थियो ।

क.समीक्षा वर्षमा कतिपय बैंकहरुले लाभांश वितरण गर्न नसक्ने अवस्थामा पनि हाम्रो बैंकले ४ % बोनश शेयर वितरण गर्न सकेकोमा अध्यक्ष ज्यू लगायत सम्पूर्ण व्यवस्थापन पक्षलाई हार्दिक धन्यवाद छ । आगामी वर्ष १०% भन्दा बढी लाभांश वितरण गर्न सक्षम हुनुहोस् शुभकामना छ ।

ख. प्रस्तावित साधारण तथा विशेष प्रस्तावहरुको समर्थन गर्दछु ।

ग. आ.व. २०८१/०८२ को साधारणसभा बडादशैं अगाडि नै सम्पन्न गर्नुहुन अनुरोध गर्दछु ।

घ. तिहार, नेपाल सम्बत्, छठ जस्ता नेपालीहरुले मनाउने चाडपर्वको पावन अवसरमा हार्दिक मंगलमय शुभकामना॥

२. **Mr. Damodar Prasad Regmi :**

1. Ratio of Profit should cover Inflation Rate and Interest as well as Bank Rate.
2. Loan Loss Provision should reduce by securing loan and recovery plan. Loan Loss Provision of 4.1% is very high.
3. C/D Ratio is decreasing. What is your B plan to increase profit in future?
4. Reward and punishment in staff management will increase their performance.
5. If Loan Loss Provision will rise in same ratio and investment and loan increases, profit will be further decreased.
6. We, as a representative of shareholder, should look after shareholders and management should answer us about handling of these matters.

३. **श्री कृष्ण प्रसाद अधिकारी (काश्यप)**

श्री अधिकारी ज्यूले बैंकले समयमा नै साधारणसभा सम्पन्न गरेकोमा खुसी व्यक्त गर्दै बैंकले घोषणा गरेको लाभांश राम्रो रहेको धारणा राख्नुभयो । बैंकको साधारणसभाको सफलताको कामना गर्दै आउँदै गरेको शुभ दिपावली, नेपाल संवत्, तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

४. **श्री इन्द्र कृष्ण श्रेष्ठ**

बैंकको १८ औं वार्षिक साधारणसभामा आफ्नो विचार राख्न पाउँदा खुशी व्यक्त गर्दै यस्तो विषम परिस्थितिमा पनि ४ प्रतिशत बोनस शेयर दिएकोमा आफूलाई साह्रै राम्रो लागेको धारणा व्यक्त गर्नुभयो । त्यसैगरी, यस बैंकले विगत चार वर्षको अन्तरालमा धेरै प्रगति गरेको र लक्ष्य प्राप्त गर्न सफल भएको धारणा व्यक्त गर्नुभयो । यस बैंकले ११२६ वटा ऋणीहरुलाई सेवा गर्नको लागि बैंकबाट २ अर्ब ५८ करोड १० लाख ऋण प्रवाह तथा लगानी गरेकोले बैंकलाई केही राहत प्राप्त भएको, आ.व.२०८०/८१ को ब्याज आम्दानी रु.५ अर्ब ८२ करोड ८४ लाख ९६ हजार रहेको र बैंकको सहायक कम्पनी सिटिजन्स क्यापिटलले आ.व. २०८०/०८१ मा रु.३ करोड ३९ लाख ९० हजार र सि.बि.आइ.एल सेक्यूरिटिजले आ.व. २०८०/०८१ मा रु.३१ लाख १७ हजार लगानी तथा प्रगति गरेको छ । २०८०/०८१ को वार्षिक प्रतिवेदन अध्ययन गर्दा धेरै राम्रो रहेको छ । १८ औं वार्षिक साधारण सभाको सफलताको कामना गर्दै उहाँले शुभ दिपावली, नेपाल सम्वत् ११४५ तथा छठ पर्वको शुभकामना व्यक्त गर्नुभयो ।

१०. **<u>शेयरधनीहरूले प्रकट गर्नु भएको जिज्ञासामा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले गर्नुभएको सम्बोधन</u>**

प्रमुख कार्यकारी अधिकृतज्यूले साधारणसभामा शेयरधनी महानुभावहरुले उठाउनु भएको जिज्ञासा तथा सुझाव उपर आफ्नो जवाफ दिने क्रममा सभाका अध्यक्ष, सञ्चालक समिति, शेयरधनी ज्यूहरु तथा कम्पनी सचिवलाई धन्यवाद ज्ञापन गर्दै बैंकको प्रगतिको विषयमा आफ्नो धारणा राख्दै अत्यन्तै चाँडो साधारण सभा सम्पन्न गर्ने बैंकको परम्परा रहेपनि यसपालि धेरै प्रयास गर्दागर्दै पनि विविध कारणले दशैं अगाडि साधारणसभा गर्न नसकेको व्यहोरा जानकारी गराउनु भयो। लाभांश तर्फ हेर्दा, समग्र बैंकिङ्ग क्षेत्रको औषत नै कम रहेको अवस्थामा बैंकले ४ प्रतिशत बोनस शेयर तथा ०.२१ प्रतिशत नगद लाभांश गरि ४.२१ प्रतिशत लाभांश प्रस्ताव गरेकोमा बैंकिङ्ग क्षेत्रमा ९ औं स्थानमा रहेको अवगत गराउनु भयो । यसका साथै, शेयरधनीज्यूहरूले विश्लेषण गर्नुभएका बैंकका तथ्याङ्कहरूको जिज्ञासा तर्फ प्रमुख कार्यकारी अधिकृतले अर्थिक वर्ष २०८०/०८१ मा कर्जा तर्फ राम्रो वृद्धि भएको तथा निक्षेप तर्फ हेर्दा अधिक तरलताको स्थिति रहेकाले बैंकले कम लागतको निक्षेपमा केन्द्रित रही नियन्त्रित ढङ्गले वृद्धि गरेको जानकारी गराउनुभयो ।

सम्बोधनकै क्रममा, ट्रान्ज्याक्सन बैंकिङ्गका तथ्याङ्कहरु प्रस्तुत गर्दै, बैंकले शुरुवात गरेको virtual credit card को प्रयोगमा ल्याउने नेपालमा बैंकिङ्ग क्षेत्रकै पहिलो बैंक हुन सफल भएको सर्वाधिक लोकप्रिय भई उपलब्धिमुलक रहेको जानकारी गराउनुभयो । यसका साथै, शेयरधनी ज्यूहरुबाट बैंकलाई अन्तराष्ट्रिय स्तरको छवि अनुसार अघि बढाउनुपर्ने सुझावमा प्रमुख कार्यकारी अधिकृतले बैंकको अनुपालन, बौद्धिकतापूर्ण कार्यसम्पादन, संस्थागत सुशासनको अभ्यासको

अन्तराष्ट्रिय निकायहरू तथा नेपाल राष्ट्र बैंक जस्ता नियामक निकायहरुले अब्बल बैंकको रूपमा पहिचान गरेको तर्फ जोड दिनुभयो ।

बैंकको अघिल्लो आर्थिक वर्षमा खुद ब्याज आम्दानीमा गिरावट आउनुमा नियामक निकायको प्रावधान अनुसार ४ प्रतिशतमा कायम गर्नुपरेको तथा तरलता वृद्धि र खराव कर्जाको ब्याज गणना गर्न नपाउने कारण रहेको भएतापनि बैंकको चालु आर्थिक वर्षको पहिलो त्रैमासको वित्तीय नतिजालाई अन्य वाणिज्य बैंकहरुको तुलनामा खुद ब्याज आम्दानी वृद्धि गर्ने सीमित बैंकहरू मध्ये सिटिजन्स बैंक पनि रहेको प्रष्ट्याउनु भयो ।

यसका साथै, बैंकको व्यवस्थापन समुहमा रहनुभएका साथीहरुको योगदान तथा सहकार्यको नतिजा स्वरूप बैंकको संस्कार सरहानीय रहेको विचार व्यक्त गर्नुभयो । यही कुरा अन्य मर्जर गरेका बैंकहरूलाई दृष्टिगत गर्दा त्यहाँका कर्मचारी तथा शेयरधनीहरुले विभिन्न किसिमका अफठ्याराहरूको सामना गरिरहनु भएकोले खासै खुशी नदेखिएको धारणा राख्नु भयो । त्यसैगरी, चालु आर्थिक वर्षको अपरिष्कृत वित्तीय विवरणको स्थितिलाई समिकरण गर्ने क्रममा बैंकहरूको वास्तविक प्रगति दोश्रो मसान्त देखि मात्र देखिने बताउनु भयो । साथै, आजको दिनमा समग्र बैंकहरूको स्थितिलाई हेर्दा साधारणसभामा पेश गर्ने प्रस्तावहरु कम्पनी ऐन, नेपाल राष्ट्र बैंकले अन्य नियामक निकायहरु तथा प्रचलित कानुनको अधिनमा रही पारदर्शी ढङ्गले साधारण सभामा पारित गर्न राखिएको हुन्छ । बैंकहरूमा जनताको पैशा रहेकोले नियामक निकायले हरेक गतिविधिहरुको सुक्ष्म रूपमा निगरानी गर्ने भएको हुँदा अनुशासित किसिमले कार्यसम्पादन गरी अलि बढ्नुपर्ने स्पष्ट पार्नुभयो । तर हाल बैंकिङ्ग क्षेत्रमा कर्जा विस्तार तथा असुली कार्यको विश्लेषण गर्दा केही समुहको स्वार्थ तथा अनुशासनहीन गतिविधिले गर्दा बैंक तथा कर्मचारी साथीहरूले काम गर्न निकै कठिनाई भोग्नुपरेको जानकारी गराउनु भयो ।

यस बैंक १८ औ वार्षिक साधारण सभा सम्म आईपुग्दा बैंकिङ्ग क्षेत्रका समकालीन बैंकहरूसँग तुलना गर्नुपर्ने कुरालाई जोड दिँदै बिग मर्जरमा गएका ठूला ठूला बैंकहरुमा देखिएका चुनौतीहरू यस बैंकले सामना गर्नु नपरेको र बैंकका शेयरधनी महानुभावहरूले हालसम्म खाली हात रहनु नपरेको अनुरोध गर्नुभयो । विगत १५ वर्षदेखि लगातार लाभांश दिने आठवटा वाणिज्य बैंकहरुमा सिटिजन्स बैंक पनि रहेको उहाँले जानकारी गराउनुभयो । त्यसैगरी, बैंकले प्रस्ताव गरेको बैठक भत्ताको सन्दर्भमा, अन्य बैंकहरूको तुलनामा कम रहेको, लामो समयसम्म पुनरावलोकन नभएकोले र हालको व्यापार व्यवसायमा भएको वृद्धिको आकार तथा त्यससँग जोडिएको जोखिमहरुलाई ध्यानमाराखी बैंकका सञ्चालकहरुलाई प्रोत्साहन गर्न आवश्यक देखिएको र बैंकले राम्रो प्रतिफल हाँसिल असल नियत तथा उचित तौरतरिकाहरु अपनाउनु पर्ने सभामा शेयरधनी महानुभावहरुबाट प्राप्त सुझाव अनुसार प्रत्येक ५/५ वर्षमा सञ्चालकको भत्ता पुनरावलोकन गर्ने नीति अंगीकार गर्दै अगाडी बढ्ने ।

यसका साथै शेयरधनीज्यूहरुले राख्नुभएको प्रस्तावित बैंकको अविमोच्य असन्चिती अग्राधिकार शेयरको विषयमा प्रमुख कार्यकारी अधिकृतज्यूले बैंकको प्राथमिक पूँजीमा गणना हुने भई बैंकको व्यवसाय वृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने भएकोले र बैंकको साविकको प्रवन्धपत्र तथा नियमावलीमा सो प्रावधान नरहेकोले हाल नेपाल राष्ट्र बैंकले उल्लेखित कार्य गर्न पाउने निर्देशन जारी भएकोले प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव राखिएको स्पष्ट पार्नुभयो ।

अन्त्यमा, शेयरधनीज्यूहरूलाई अन्य केही सल्लाह सुझावहरू भएमा बैंकको प्रधान कार्यालयमा उपस्थिति जनाई बैंकका कम्पनी सचिवज्यूलाई आफ्ना कुराहरु राख्नुहुन आग्रह गर्दै शेयरधनीबाट प्राप्त हुने सल्लाह सुझाव सदैव मार्ग निर्देशनको रुपमा ग्रहण गर्दै अगाडी बढ्ने प्रतिवद्धता जाहेर गर्दै आउँदै गरेको शुभ दिपावली, म्ह पूँजा, नेपाल सम्वत् तथा छठपर्वको शुभकामना व्यक्त गर्दै साधारणसभाका प्रस्तावहरु पेश गर्नका लागि सभाका अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**११. शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्ष प्रबलजंग पाण्डेज्यूले व्यक्त गर्नुभएको सम्बोधन :**

अध्यक्षज्यूले साधारणसभामा शेयरधनी महानुभावहरूबाट प्राप्त जिज्ञासा र सुझावका सम्बन्धमा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलज्यूले प्रस्ट्याई सक्नुभएको व्यहोरा अनुरोध गर्दै सभा समक्ष प्रस्तुत भएका जिज्ञासा तथा सुझावहरु आगामी दिनमा ध्यान दिन बैंकका प्रमुख कार्यकारी अधिकृतज्यूलाई ध्यानाकृष्ट गराउनुभयो । अध्यक्षज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई आउँदै गरेको शुभ दिपावली,

म्ह पूंजा, नेपाल सम्वत् तथा छठपर्वको शुभकामना व्यक्त गर्दै सभामा प्रस्तुत प्रस्तावहरु एजेण्डागत रुपमा क्रमशः पढि बाची पारित गरिदिनको लागि अनुरोध गर्दै सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१२. **१८ औं वार्षिक साधारण सभाका निर्णयहरु :**

**१८ औं वार्षिक साधारण सभाका निर्णयहरु :**

(क) <u>साधारण प्रस्तावहरु</u>

१. **आ.व. २०८०/८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।**
सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमाथि छलफल गरी पारित गर्ने ।**
लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको बैंक तथा बैंकको सहायक कम्पनीहरु सहितको एकीकृत वासलात र मिति २०८०/०४/०१ देखि २०८१/०३/३१ सम्मको नाफा नोक्सानको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु माथि छलफल गरी पारित गर्ने स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार कर प्रयोजनार्थ ०.२१ प्रतिशतका दरले हुन आउने रु. २,९८,९६,७८७.३८/- बराबरको नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**
सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ०.२१ प्रतिशतका दरले हुन आउने रु. २,९८,९६,७८७.३८/- बराबरको नगद लाभांश (लाभांश कर समेत) वितरण गर्न स्वीकृत गर्न प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिसमा लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आर्थिक वर्ष २०८१/०८२ को लागी बाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरिक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम समितिबाट सिफारीस भए बमोजिम बैंकको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री **जे. के. एण्ड एसएस एसोसिएटस, चार्टर्ड एकाउन्टेन्ट्स** लेखापरिक्षणको लागि कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम नियुक्त गर्न योग्य देखिएको हुँदा निजलाई देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी मूल्य अभिबृद्धि कर बाहेक रु. २५,००,०००/- (अक्षेरुपी रुपैयाँ पच्चिस लाख मात्र) पारिश्रमिक दिने गरी तथा अन्य विविध खर्चहरु वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरी बैंकको लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

1. Statutory Audit
2. Long Form Audit Report
3. Tax Audit
4. Certification under section 78 of the Company Act, 2063.
5. Certification of Corporate governance annual report
6. Certification of Compliance report

५. **बैंकको मिति २०८१/०१/२६ गतेको सञ्चालक समितिको ४५० औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालकमा श्री इला शर्मालाई र मिति २०८१/०३/२४ गतेको सञ्चालक समितिको ४५६ औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको संस्थापक शेयरधनीको तर्फबाट सञ्चालकमा श्री अनिल कुमार ज्ञवालीलाई नियुक्त गरिएको निर्णयलाई अनुमोदन गर्ने ।**

बैंकको मिति २०८१/०१/२६ गतेको सञ्चालक समितिको ४५० औं बैठकद्वारा सोही मितिबाट लागु हुने गरी बैंकको सर्वसाधारण शेयरधनीको तर्फबाट सञ्चालकमा श्री इला शर्मालाई र मिति २०८१/०३/२४ गतेको सञ्चालक समितिको ४५६ औं बैठकद्वारा सोही मितिबाट लागू हुने गरी बैंकको संस्थापक शेयरधनीको तर्फबाट सञ्चालकमा श्री अनिल कुमार ज्ञवालीलाई नियुक्त गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो ।

**ख. विशेष प्रस्तावहरु**

१. **सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ४ प्रतिशतका दरले हुन आउने रु. ५६,८०,३८,९६०.२३/-बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

सञ्चालक समितिबाट प्रस्ताव गरे अनुसार ४ प्रतिशतका दरले हुन आउने रु. ५६,८०,३८,९६०.२३/- बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. **सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्न तथा वैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चलअचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तराष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्बन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्न र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

३. (क) **बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने ।**

(क-१) **बैंकको जारी पूंजी तथा चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा ।**

बैंकको जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने सम्बन्धमा सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम ४ प्रतिशत बोनस शेयर वितरण गर्ने प्रस्ताव गरिएकोमा सभाले ४ प्रतिशत बोनश शेयर बापत रु. ५६,८०,३८,९६०/२३वितरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेकोले प्रबन्धपत्रको दफा ५ को (ख) र (ग) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम पूंजी संरचना बृद्धि गरी संशोधन गर्ने निर्णय गरियो ।

**५. बैंकको पूँजीको संरचना :**

बैंकको प्रबन्ध पत्रको दफा ५ को (ख) र (ग), दफा ६ मा संशोधन र दफा ७ मा व्यवस्था थप गर्ने देहाय बमोजिमको निर्णय गरियो ।

५(ख) बैंकको कुल जारी पूंजी रु. १४,७६,९०,१२,९६६/- (अक्षरेपी चौध अर्ब छैयाहत्तर करोड नब्बे लाख बाह्र हजार नौ सय छैसठ्ठी रुपैयाँ मात्र) हुनेछ । सो पूंजीलाई रु.१००/- का दरले १४,७६,९०,१२९.६६ (चौध करोड छैयत्तर लाख नब्बे हजार एक सय उनन्तीस दशमलव छैसठ्ठी) थान साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूंजी न्युनतम रु. १४,७६,९०,१२,९६६/- ( अक्षरेपी चौध अर्ब छैयाहत्तर करोड नब्बे लाख बाह्र हजार नौ सय छैसठ्ठी रुपैयाँ मात्र) हुनेछ ।

५(ग) बैंकको तत्काल चुक्ता पूंजी न्युनतम रु. १४,७६,९०,१२,९६६/- (अक्षेरुपी चौध अर्ब छैयाहत्तर करोड नब्बे लाख बाह्र हजार नौ सय छैसठ्ठी रुपैयाँ मात्र) हुनेछ ।

(क-२) **बैंकको शेयरको किसिम सम्बन्धमा ।**

बैंकको प्रबन्ध पत्रको दफा दफा ६ मा संशोधन र दफा ७ मा व्यवस्था थप गर्ने देहाय बमोजिमको निर्णय गरियो ।

६. **बैंकको शेयरको किसिम :**

बैंकको शेयर साधारण शेयर र **अविमोच्य असञ्चिति अग्राधिकार शेयर (Perpetual Non-Cumulative Preference share)**ले बनेको छ ।

(क-३) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धमा ।

७. शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज :

प्रबन्धपत्रको दफा ७ मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम बैंकको शेयर किसिम संशोधन गर्ने निर्णय गरियो ।

**(ण) अविमोच्य असञ्चिति अग्राधिकार शेयर संस्थागत लगानीकर्ताले मात्र धारण गर्ने सुनिश्चित हुने गरी जारी गरिनेछ ।**

**(त) नेपाल वित्तीय प्रतिवेदन मापदण्ड अन्तर्गत परिभाषित बैंकका सम्बन्धित पक्ष तथा बैंकको नियन्त्रण रहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले अविमोच्य असञ्चिति अग्राधिकार शेयर खरिद गर्न पाउने छैन ।**

**(ख) बैंकको नियमावलीमा संशोधन गर्ने ।**

**बैंकको नियमावलीको नियम ५,१३(२),१५(१) र (२),२३,२४,,२९(१)(ख) र (ङ) मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।**

(ख-१) गणपूरक संख्या सम्बन्धमा ।

**५. गणपूरक संख्या :**

बाँडफाँड भएको कुल साधारण शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल **साधारण** शेयरधनीहरु मध्ये कम्तिमा ३ जना **साधारण** शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।

तर, नियम ४ को उपनियम (५) मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारण सभामा कूल शेयर संख्याको २५ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।

(ख-२) संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या सम्बन्धमा ।

**१३. संचालक हुन लिनु पर्ने न्यूनतम शेयर संख्या :**

(२) यस बैंकको संचालक पदमा नियुक्त हुनको लागि आफ्नो नाममा कम्तिमा १० (दश) थान **साधारण** शेयर लिएको हुनु पर्नेछ ।

ख-३) मतदान गर्ने अधिकार सम्बन्धमा ।

१५. मतदान गर्ने अधिकार :

(१) प्रचलित कम्पनी कानून वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक साधारण शेयरधनीले आफूले लिएको प्रत्येक **साधारण**शेयर बापत एउटा मत दिने अधिकार हुनेछ ।

(२) **अविमोच्य असञ्चिति अग्राधिकार शेयरधनीलाई मत दिने अधिकार हुने छैन ।**

(ख-४) शेयरधनीको हक तथा विशेष सुविधाको सम्बन्धमा ।

नियमावलीको नियम २३ मा भएको व्यवस्थाको सट्टा देहाय बमोजिम बिभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण संशोधन गर्ने निर्णय गरियो ।

२३. विभिन्न वर्गका शेयर जारी गर्ने भए सो को विवरण र शेयरधनीको हक तथा विशेष सुविधाको विवरण :

**बैंकको शेयर साधारण शेयर र अविमोच्य असञ्चिति अग्राधिकार शेयर वर्गमा बिभाजित गरिएको छ । अविमोच्य असञ्चिति अग्राधिकार शेयर र साधारण शेयरको समूहगत संरचना प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिए बमोजिम हुनेछ ।**

(ख-५) अग्राधिकार शेयर सम्बन्धी व्यवस्था ।

**२४. अग्राधिकार शेयर सम्बन्धी व्यवस्था:**

**प्रचलित कानूनको अधिनमा रही नेपाल राष्ट्र बैंकको स्वीकृति लिई साधारण सभामा प्रस्ताव पारित गरी बैंकले पूँजीको आवश्यकता अनुसार अविमोच्य असञ्चिति अग्राधिकार शेयर जारी गर्न सक्नेछ । अविमोच्य असञ्चिति अग्राधिकार शेयरमा प्रदान गर्ने लाभांश दर उक्त शेयर जारी गर्दा तोकिए बमोजिम हुनेछ र लाभांश वितरण गर्ने वा नगर्ने सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार बैंकमा निहित हुनेछ । अविमोच्य असञ्चिति अग्राधिकार शेयरको लाभांश वितरण नाफा नोक्सान बाँडफाँड हिसाबमार्फत् चालु आर्थिक वर्षको मुनाफाबाट मात्र गरिनेछ र यदि कुनै आर्थिक वर्षमा लाभांश वितरण नभएमा उक्त लाभांश आगामि आर्थिक वर्षमा जोडिदै जाने छैन ।**

(ख-६) नेपाल राष्ट्र बैंकको स्वीकृति लिई सञ्चालकको बैठक भत्ता तथा सुविधा वृद्धि गर्ने गरी नियमावलीमा संशोधन गर्ने सम्बन्धमा ।

नियमावलीको नियम २९ को उपनियम (१)
सञ्चालकहरुको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था
(ख) सञ्चालक समिति तथा उप-समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने बैठक भत्ता रु. **२५,०००/- (रुपैयाँ पच्चीस हजार)** र सञ्चालकले पाउने बैठक भत्ता रु. **२०,०००/- (रुपैयाँ बीस हजार)** हुनेछ ।

(ङ) अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरेबमोजिम हुनेछ ।

(अ) सञ्चालक समितिका अध्यक्षलाई आवश्यकता अनुसार कार्यालय प्रयोजनका लागि सवारी साधन उपलब्ध गराईने र **अन्य खर्च** बापत मासिक रु.२५,०००/- प्रदान गर्ने ।

(आ) सञ्चालक समितिका **अन्य** सदस्यहरुलाई **परिवहन खर्च, टेलिफोन/मोबाईल खर्च तथा पत्रपत्रिका बापत प्रतिमहिना रु.२५,०००/-** प्रदान गर्ने ।

बैंकको प्रबन्धपत्रमा संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. **बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**
बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनु पर्ने निकायहरुबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागि अन्य विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्ष ज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकका उच्च व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीहरु, नेपाल सरकारका सम्बद्ध निकाय लगायत नेपाल राष्ट्र बैंक तथा सम्बन्धित सबै नियमनकारी निकायहरुलाई विशेष धन्यवाद व्यक्त गर्दै शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै वहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भई प्रस्तुत प्रस्तावहरु पारित भएकोमा खुसी प्रकट गर्नुका साथै १८ औं वार्षिक साधारण सभा सफलता पूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई

उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै विहान ११:४५ बजे विधिवत रुपमा सभा विसर्जन गर्नु भयो ।

श्री राजेन्द्र लाल श्रेष्ठ
कम्पनी सचिव

श्री प्रबल जंग पाण्डे
अध्यक्ष